# महालक्ष्मी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

जितपुर, धनकुटा

प्रदेश नं. १, नेपाल

पत्र संख्याः- ०७९/८०

चलानी नं. 206

मितिः- २०७९।०५।१५

विषयः जानकारी एंव कार्यान्वयन सम्बन्धमा ।

श्री वडा कार्यालय (सबै)
महालक्ष्मी नगरपालिका, धनकुटा।

प्रस्तुत विषयमा राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागको, सिंहदरवार, काठमाण्डैको प.सं. ०७९/८० च.नं. २५१ मिति २०७९/०५/०६ गतेको पत्रलाई कार्यान्वयन गर्न जिल्ला प्रशासन कार्यालय, धनकुटाको प.सं. ०७९/८० च.नं. ३२१ मिति २०७९/०५/०६ गतेको पत्रबाट गरेको निर्देशन यसै पत्रसाथ सम्लग्न राखी आवश्यक कार्बाहीका लागि पठाईएको व्यहोरा अनुरोध छ ।

निलकण्ठ विश्वकर्मा
प्रमुख प्रशासकीय अधिकृत

फोन नं. ०२६-४१९००१ प्रमुख ९८५२०७०१२३ उप-प्रमुख ९८५२०७०१२४ प्रमुख प्रशासकीय अधिकृत ९८५२०७०१२१
सुचना अधिकारी ९८५२०७०१२६Email: mahalaxmimunjitpur@gmail.comWeb.http://
www.mahalaxmimundhankuta.gov.np

नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

## धनकुटा

पत्र संख्याः- २०७९/८०
चलानी नम्बरः- ३२१

मितिः-२०७९/०५/०६

बिषयः- आवश्यक जानकारी तथा कार्यार्थको लागि पठाइएको सम्बन्धमा।

श्री स्थानीय तह सबै,
धनकुटा।

प्रस्तुत विषयमा श्री राष्ट्रिय परिचयपत्र तथा पंजीकरण विभाग, पंजीकरण शाखा सिंहदरबार काठमाण्डौको च.नं. २५१, मिति २०७९/०५/०६ गतेको प्राप्त पत्रको छाँयाकपी यसै पत्रसाथ संलग्न राखी पठाइएको छ, व्यहोरा सोही पत्रबाट अवगत गर्नुभइ सो बमोजिम गर्नु गराउन हुन आदेशानुसार अनुरोध छ ।

२०७९/०५/०६
हरिगोपाल कर्माचार्य
प्रशासकीय अधिकृत

"व्यवसायिक र सिर्जनशील प्रशासन विकास समृद्धि र सुशासन"
फोन नं.:- ५-२२१३१, ५-२०१२२, ०२६-५२२९९६, Email-daodhankuta@gmail.com/dhankutaabhilekh@gmail.com, web-www.daodhankuta.moha.gov.np

नेपाल सरकार
गृह मन्त्रालय

# राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

(प[illegible] शाखा)

फोन: ४९११५६१, ४४६४६८८, ४४६२०७९, ४२००८६४
फ्याक्स: ४२००८१४
सिंहदरबार, काठमाडौं
Website: www.donidcr.gov.np
E-mail: info@donidcr.gov.np
vital@donidcr.gov.np

पत्रसंख्या २०७९/८०
चलानीनं. २५१

मिति २०७९।०५।०६

विषय: व्यक्तिगत घटना दर्ता प्रमाणपत्रको आधिकारिकता सम्बन्धमा थप खुलाइएको ।

श्री कन्सुलर सेवा विभाग,
श्री जिल्ला प्रशासन कार्यालय, सबै,
श्री ईलाका प्रशासन कार्यालय, सबै,

जिल्ला प्रशासन कार्यालय, धनकुटा
दर्ता नं. २६१
दर्ता मिति: २०७९।०५।०६

प्रस्तुत विषयमा यस विभागको पत्र संख्या २०७९/८० च. नं. १४९ मिति २०७९।०४।२३ को "व्यक्तिगत घटना दर्ता प्रमाणपत्रको आधिकारिकता सम्बन्धमा" विषयक पत्रको सन्दर्भमा लेखिँदैछ ।

यस विभागले व्यक्तिगत घटना (जन्म,मृत्यु, विवाह, सम्बन्ध विच्छेद र बसाइ सराइ) दर्ता र सामाजिक सुरक्षा भत्ता व्यवस्थापनको कार्य सूचना प्रविधि प्रणाली (VERSP-MIS) मा आधारित रहेर गर्दै आएको विदितै छ। हाल ७५३ वटा स्थानीय तहका ६२६५ वडा कार्यालयबाट अनलाइन घटना दर्ता हुने गरेको छ। ७५३ स्थानीय तह र ६७४३ वडा कार्यालयहरू विभिन्न समयमा (फरक फरक मितिमा) अनलाइन प्रणालीमा गएका र जाने क्रममा रहेका छन् । अनलाइन प्रणालीमा गएका स्थानीय तह र वडाहरुको विवरण यस विभागको वेबसाइट https://donidcr.gov.np/Dashboard/ListVDC मा अपलोड गरिएको Start Date देखिका व्यक्तिगत घटना दर्तालाई मात्र १३ अंक सहितको प्रमाणपत्र अनिवार्य गरिएको छ ।

अतः अनलाइन प्रणाली लागू भएका स्थानीय तह र वडा कार्यालयबाट मात्र १३ अंकको घटना दर्ताको प्रमाणपत्र जारी गर्ने तथा माग गर्ने व्यवस्था हुन अनुरोध छ।

(मीता अर्याल)
निर्देशक

बोधार्थ: स्थानीय तह सबै ।